# संघीय संसद
# राष्ट्रिय सभा
# राष्ट्रिय सरोकार तथा समन्वय समिति

बैठक संख्याः९९
मिति २०७८/०६/१९
समयः दिनको २.०० बजे
प्रारम्भ : २: ०० बजे
अन्त्यः ३:१५ बजे

**छलफल तथा निर्णय** :–

समितिको आजको बैठकमा **समितिको बार्षिक प्रतिवेदन कार्यान्वयन अनुगमन तथा मुल्याङ्कन, नजिकिदै गरेको चाडपर्वका सन्दर्भमा बजार अनुगमन र यातायात व्यवस्थापन एवं विविध** विषयमा छलफल भई देहाय बमोजिम निर्णय भयो ।

(१) दशै, तिहार, छठ, नेपाल सम्वत्, बकर ईद, ल्होसार लगायतका महत्वपुर्ण चाडपर्वहरुको आगमनसगै हरेक वर्ष वजारमा दैनिक उपभोग्य वस्तुहरुको कृत्रिम अभाव सृजना गरी कालावजारी हुने गरेको, हरेक वर्ष मूल्य वृद्धिको समस्याले आम नागरिकहरु आक्रान्त भइरहने साथै सुरक्षा व्यवस्था समेत कमजोर हुने गरेको सन्दर्भमा देशभर शान्ति सुव्यवस्था कायम गर्न, कृत्रिम अभाव सृजना हुन नदिई कालाबजारी रोक्न, यी चाडपर्व शुरु हुनुभन्दा अगाडीदेखि नै आधारभूत सामग्रीको अस्वभाविक मूल्य वृद्धिमा नियन्त्रण गर्ने र चाडपर्वको समयलाई मध्यनजर गरी तत्काल सुपथ मूल्य पसलको अवधि र क्षेत्रगत दायरा विस्तार गरी समयमा गुणस्तरीय, स्वस्थकर खाद्य, मासुजन्य वस्तु लगायत सुलभ र सुपथ मूल्यमा वस्तु वा सेवाको आपूर्तिको व्यवस्था सुनिश्चित हुने गरी कार्य गर्न गराउन नेपाल सरकार गृह मन्त्रालय र उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयलाई निर्देशन दिने ।

(२) दशै, तिहार छठ, नेपाल सम्बत्, बकर ईद, ल्होसार लगायतका महत्वपूर्ण चाडपर्वहरुको अवसरमा यात्रुहरुको आवागमन अत्यधिक हुने गरेको साथै यसै समयमा हवाई भाडा समेत वृद्धी भई आम नागरिकलाई मर्का परेको सन्दर्भलाई मध्यनजर राखि यात्रुहरुलाई सहज ढंगले आवागमनको व्यवस्थापन गर्न भौतिक

पूर्वाधार तथा यातायात मन्त्रालय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने ।

(३) कोभिड १९ संक्रमण जारी रहेको अवस्थामा विभिन्न चाडपर्वमा आवजावत भिडभाड बढ्ने हुदा सरकारद्धारा जारी गरीएको स्वाथ्य मापदण्ड कडाइका साथ पालना गर्न समिति आम नागरिकमा हार्दिक अपील गर्दछ ।

(४) हालसम्म समितिले राष्ट्रिय सभामा पेश गरेका वार्षिक प्रतिवेदनहरु कार्यान्वयन भए नभएको अनुगमन एवं मुल्यांकन गरी सोको प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि समितिले निर्देशन दिएका मन्त्रालय तथा आयोगमा निर्देशन कार्यान्वयनको अवस्था, निर्देशन कार्यान्वयन नभएको भए सो को कारण र कार्यान्वयनका लागि गरिएको प्रयास समेत समेटी जानकारी उपलब्ध गराउन पत्राचार गरिएको सन्दर्भमा समितिले राष्ट्रिय सभामा पेश गरेका ३ वटै वार्षिक प्रतिवेदन कार्यान्वयनको अनुगमन मुल्याकंनको लागि प्रारम्भीक ढाचा तथा मस्यौदा तयार गर्न समिति सचिवालयलाई निर्देशन दिने ।

(५) राष्ट्रिय गौरवका आयोजना अध्ययन उपसमितिहरुको म्याद असोज मसान्तमा सकिने हुँदा आगामी पौष मसान्तसम्म म्याद थप गर्ने र उपसमितिहरुले आ आफ्नो कार्यक्षेत्र अन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाहरुको स्थलगत अनुगमन गर्ने आवश्यक व्यवस्था मिलाउन समिति सचिवालयलाई निर्देशन दिने ।

(६) समितिको यो बैठक अर्को सूचना नभए सम्मको लागि स्थगित हुन्छ ।